बलेफी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बलेफी, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल(Bagamati Province, Nepal)

पत्र संख्या: २०८२/८३
सूचना नं: ६४

**विषय: सुनौला हजार दिनका आमा बच्चा कार्यक्रममा निवेदन पेश गर्ने सम्बन्धी सूचना !!!**

(प्रथम पटक प्रकाशित मितिः २०८२/१०/२९ गते)

यस गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका आमा बच्चा कार्यक्रम (तरकारीको बीउ, झाझरी, प्लाष्टिक टनेल र तरकारी खेती सम्बन्धी तालिम) मा यस गाउँपालिकाको वडा नं १,२,३,४,५,६,७ र ८ मा रहेका सूनौला हजार दिनका आमाको लागि बलेफी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय मिति २०८२/१०/२६ गतेको निर्णयले यस कार्यक्रम "कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०" बमोजिम सञ्चालन गर्नुपर्ने भएकाले उल्लेखित वडाहरूमा रहेका सुनौला हजार दिनका आमाहरूले यो सूचना प्रकाशन भएको मितिले ७ दिन (२०८२/११/०७) भित्र र अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदा पछी लगतै कार्यालय खुलेको दिनको कार्यालय समय भित्र सम्बन्धित वडा कार्यालयहरूमा निवेदन दिनुहुन अनुरोध छ।

तपसिल

१. कार्यक्रममा सहभागीको लागि सम्बन्धित व्यक्तिको निवेदन,
२. परिचय खुल्ने (सुनौला हजार दिनको आमा/बुबा हो भनी खुल्ने) कागजातको प्रतिलिपि,
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(नोटः सामग्री वितरणको हकमा संरचना निर्माण भइसकेको हुनुपर्ने।)

२०८२/१०/२९

(हेम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत